सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८०/०८१ (प्रशासन)
च.नं. :

मिति: २०८०/११/०८

## कृषि स्नातक प्राविधिक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/११/०८)**

प्रस्तुत विषयमा सिम्ता गाउँ कार्यपालिकाको कार्यालयको लागि आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि स्नातक प्राविधिक पदको लागि मिति २०८०/११/०४ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम तपसिल बमोजिमको पदको कर्मचारी आवश्यकता भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तोकिएको शूल्क तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै दरखास्त फाराम, कार्यविरण, पारिश्रमिक, सेवाका शर्तहरुको विस्तृत विवरण कार्यालय वा वेवसाइट www.simtamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह/श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैठौं | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तिर्ण भएको । | १,०००।- |

१. सेवाको किसिम: सेवा करार
२. दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरु:
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- ३ (तिन) प्रति पासपोर्ट साइजको फोटो
- न्यूनतम ६ महिना कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- पेश गरिने सबै प्रतिलिपिमा उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ ।

३. उमेरको हद: २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
४. तलव तथा करार अवधि: स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ ।
५. परीक्षा दस्तुर बुझाउने प्रक्रिया: यस गाउँपालिकाको राजश्व इकाईमा रु.१,०००।- जम्मा गरी उक्त रसिद दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।
६. दरखास्त फाराम बुझाउने स्थान: सिम्ता गाउँपालिकाको कार्यालय, राकम, सुर्खेत ।
७. परीक्षाको किसिम: छोटोसूची/लिखित र अन्तर्वार्ता ।
८. परीक्षा सम्बन्धि अन्य जानकारी पछि प्रकाशन गरिनेछ ।
९. थप जानकारीको लागि: सम्पर्क नं. ९८५८०७७५००/९८४८११२७४०
१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत

नोट: दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।